# आर्थिक वर्ष २०८३।०८४ को (बजेट) बक्तव्य

**सभाअध्यक्ष महोदय,**
**सभाका सम्पुर्ण सदस्यज्युहरु,**

संघीयताको अभ्याससंगै स्थानीय सरकारको रुपमा काम गरी रहदा हामी दोश्रो गाउँसभाको नवौं अधिवेशन सम्म आइपुगेकाछौ । यस सभामा राजपुर गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आ.ब. २०८३/८४ को बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

यस शुभ अवसरमा मुलुकको परिवर्तित राजनीतिक पृष्ठभूमि र ताजा जनादेश तथा यूवा पूस्ताहरुको आकांक्षालाई ध्यानमा राख्दै आर्थिक तथा सामाजिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मको संघर्ष, क्रान्ति र पच्छिल्लो जेन.जी. आन्दोलनका घटनाक्रमहरुमा आफ्नो अमुल्य जिवन समर्पण गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्दाञ्जलि अर्पण गर्दछु साथै वेपत्ता, घाइते लगायतका योद्दाहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु ।
गाउँपालिका स्थापनादेखि हालसम्मका विभिन्न समयक्रममा यस क्षेत्रको नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रज ब्यक्तित्वहरुका साथै गाउँपालिकाका सम्पुर्ण समुदाय, नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, शिक्षक, ब्यवसायी, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु र सञ्चार जगतले यस गाउँपालिकाको विकास, निर्माण तथा आर्थिक सामाजिक रुपान्तरणमा पुऱ्याउनु भएको योगदानको सगौरव स्मरण गर्न चाहन्छु।
राजपुर गाउँपालिकाको "कृषि, पशुपन्छी, वन पैदावार भरपुर, सुखी, समृद्धि र सुन्दर राजपुर" भन्ने मान्यतालाई पुरा गर्न निरन्तर विकासको यात्रामा अगाडि बढ्ने सङ्कल्प व्यक्त गर्दछु।
**सभा अध्यक्ष महोदय,**
आ.ब. ०८३/८४ को बजेट तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, स्थानी सरकार सञ्चालन ऐन, बजेट तर्जुमा दिगदर्शन, संघ तथा प्रदेशको नीति, गाउँपालिकाको नीति तथा कार्यक्रम रलाई गाउँपालिकामा प्राप्त सल्लाह सुझावलाई आधार मानी शिक्षा, पुर्वाधार विकास, कृषि तथा पशु विकास, उद्यमशिलता विकास, स्वास्थ्य सेवालाई प्राथमिकता दिईएको छ ।

कृषिको प्रसस्त संभावना रहेको यस गाउँपालिकाका दुरदराज र गरिब बस्तिमा रोजगारी र आयश्रोत बृद्धिका लागि कृषि तथा पशु विकासमा आधारित VITA परियोजना लागु भइ कार्यान्वयन भइरहेको छ । संविधानको मौलिक हकमा उल्लेखित निशुल्क शिक्षालाइ कार्यान्वयन गर्न शुन्य शुल्कमा विद्यार्थीलाइ पठनपाठन गराउन गाउँपालिकाले यथोचित बजेट विनियोजन गरी कार्यान्वयन गरी निरन्तरता दिदैं आएको छ। यस पालिका भित्रका सम्पुर्ण कर्मचारी तथा शिक्षकहरुलाइ नियमित गराइ सेवामा प्रभाबकारिता ल्याउने तर्फ आवश्यक ब्यबस्था गरिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी र सञ्चार सुविधाबाट पछाडी परेको, नाका क्षेत्रको विकास गर्न एकीकृत सेवा केन्द्रहरु स्थापना

भएको र केही सम्पन्न हुने चरणमा छन् भने सञ्चार र खानेपानीका लागि गाउँपालिकाका साथै प्रदेश सरकार, संघीय सरकार र सरोकारवाला निकाहरु संग पहल गरिएको छ ।

पुर्वाधार संरचनाको गुणस्तरिय र दिगो विकासका लागि विभिन्न आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी केही कार्यान्वयनको चरणमा रहेका छन भने केहीको लागि आगामी आ.ब.मा बजेट विनियोजन गरिएको छ । साथै उक्त योजनाहरु समयमै सम्पन्न गर्न प्रदेश र नेपाल सरकारसंग समेत पहल गरिएको छ ।नाका क्षेत्रमा बाह्रै महिना यातायात सेवा सञ्चालन गर्न जितबहादुर सिंजाली मार्ग र विभिन्न पहुँच मार्गहरुमा उल्लेखनीय बजेट विनियोजन गरी प्राथमिकतापूर्वक निर्माण गरिएको छ ।

**सभाका अध्यक्ष महोदय,**
अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकता तथा उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- गुणस्तरीय निःशूल्क शिक्षा मार्फत मानव संसाधन विकास
- दिगो, भरपर्दो र गुणस्तरीय पूर्वाधार निर्माण गरी पँहुच बृद्धि
- कृषि यान्त्रीकरण तथा आधुनिकीकरण मार्फत कृषि उत्पादन र उत्पादक्त्व बृद्धि
- गुणस्तरीय स्वास्थ्य प्रवर्धन गरी जिवन स्तरमा सुधार
- शु-सासन तथा दिगो विकास मार्फत समावेशी समाजको निर्माण

जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने र गाउँपालिकामा भएका सम्भावना एवं आवश्यकताका आधारमा स्थानीय श्रोत साधनको अधिकतम् उपयोग हुने योजना कार्यक्रमहरु र ती योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा श्रोतमा परेको चापलाइ मध्यनजर गरी आन्तरिक श्रोतको अधिकतम परिचालन, राजश्व संयन्त्रको सुदृढीकरण र व्यवस्थापन गर्दै पूँजिगत खर्चलाइ बढोत्तरी गर्ने कार्यलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिएको छ। ।

**सभाअध्यक्ष महोदय,**
अब म चालु आ.व. को आय र व्ययको संक्षिप्त प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

राजपुर गाउँपालिकाको आ.ब. २०८२/०८३ मा बिनियोजन भएको कूल बजेट **६०** करोड **२४** लाख **६५** हजारमध्ये हालसम्म चालुतर्फ **५८** प्रतिशत, पूँजिगततर्फ **२८.१७** प्रतिशत र समग्रमा **४७.७४** प्रतिशत खर्च भएको देखिन्छ । उक्त खर्च चालु आ.ब.को अन्त्यसम्ममा करिव **७५** प्रतिशत पुग्ने अनुमान गरिएको छ । चालु आ.ब.मा कूल आम्दानी हालसम्म **३७** करोड **९८** लाख **२७** हजार **६** सय अर्थात् **५६** प्रतिशत मात्र प्राप्त भएको छ । आन्तरिक राजश्वतर्फ **२०** करोड **३८** लाख प्रक्षेपण गरेकोमा **१** करोड **७४** लाख **४४** हजार गरी **६७** प्रतिशत मात्र आम्दानी भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.ब. को आय-ब्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ६१ करोड १ लाख ९० हजार रुपैयाँ विनियोजन गरिएको छ।

आगामी आ.ब.को लागि अनुमान गरिएको खर्च ब्यहोर्ने श्रोतमध्ये,

गाउँपालिकाको आन्तरिक राजश्वबाट **२ करोड** र चालु आ.ब.मा खर्च नभइ बाँकी रहने अनुमानीत रकम (मौज्दात अ.ल्या.) बाट रु. ४ करोड गरी जम्मा रु. ६ करोड आन्तरिक श्रोतबाट ब्यहोरिने छ ।त्यसैगरी संघिय सरकारबाट प्राप्त हुने समानीकरणतर्फ रु. ११ करोड ३४ लाख, राजश्व बाँडफाँडतर्फ रु. १६ करोड ४८ लाख ७१ हजार, शसर्त अनुदानतर्फ रु. १९ करोड १७ लाख, समपुरक अनुदानतर्फ रु. ४५ लाख, विशेष अनुदानतर्फ १ करोड गरी जम्मा रु. ४८ करोड ४४ लाख ७१ हजार रुपैयाँ ब्यहोरिने छ ।

प्रदेश सरकारबाट प्राप्त हुने समानीकरणतर्फ रु. ७२ लाख ६२ हजार, राजश्व बाँडफाँडतर्फ रु. १ करोड ७६ लाख ८२ हजार, सशर्त अनुदानतर्फ रु. ८२ लाख ७५ हजार, समपुरक अनुदानतर्फ रु. ७५ लाख गरी जम्मा रु. ३ करोड ३२ लाख १९ हजार ब्यहोरिने छ ।

कूल बजेटमध्ये चालुतर्फ ३६ करोड ६१ लाख १४ हजार (६० प्रतिशत) र पूँजिगतर्फ २४ करोड ४० लाख ७६ हजार (४० प्रतिशत) बिनियोजन गरिएको छ। ।

अन्य संघ संस्थाबाट र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटलाइ प्राप्त भएपछि समावेश गरी बजेटको एकीकृत रुप तयार गरिनेछ ।

**यस सभाका अध्यक्ष तथा उपस्थित सभा सदस्यज्यूहरु,**

अव म आगामी वर्षको प्राथमिकता प्राप्त क्षेत्रगत कार्यक्रमको विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक विकास**

व्यवसायिक कृषि तथा पशुपालनको क्षेत्रलाई क्रमशः व्यवसायीकरण गर्न, लागत साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साना किसान यूवा उद्यमशिलता विकास परियोजना कार्यक्रम र उद्योग, बजार व्यवस्थापन र पर्यटन प्रवर्धन गरी आयआर्जन वृद्धि गर्न, सिचाई क्षेत्रको विकास र विस्तार गर्न, भूमिहिन सुकुम्वासी र दलित, अव्यवस्थित वसोवासीलाई आगामी आ.व. मै लालपूर्जा वितरण गर्ने व्यवस्था मिलाउने, सामी कार्यक्रमको माध्यमबाट बैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने जस्ता कार्यक्रको लागि बजेट विनियोजन गरिएको छ। ।

**सामाजिक विकास**

१. शिक्षातर्फ

- सबै बालबालिकालाई  निशुल्क गुणस्तरीय र सर्वसुलभ तथा जीवन उपयोगी शिक्षा प्रदान गर्ने शिक्षा नीति रहेकोले सो को लागि शिक्षकको तलब अभाव नहुने गरी थप रु. ८० **लाख समेत** बजेट विनियोजन गरिएको छ ।
- **"खेलकुदको विकास स्वस्थ जीवनको आधार"** भन्ने मान्यतालाई ध्यानमा राखी खेलकुदको विकासमा उच्च महत्व दिइ गाउँपालिकास्तर अध्यक्ष तथा उपाध्यक्ष कप लगायत खेलकुद प्रतियोगिताको आयोजना गरी खेलकुदमा विकासको लागि युवा तथा खेलकुदका लागि बजेट विनियोजन गरिएको छ। ।

२. **स्वास्थ्यतर्फ**

आधारभूत स्वास्थ्यमा सबै जनताको पहुँच अभिबृद्धि गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा नियमित रुपमा स्वास्थ्य सेवाहरु सञ्चालन गर्न साथै गाउँपालिका वासीलाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरी थप गुणस्तरिय र प्रभावकारी वनाउन, आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती, सुत्केरी तथा जोखिममा रहेका महिलाहरुको लागि सुरक्षा, संरक्षण र विकासको जस्ता कार्यक्रम संचालन गर्न ससर्त बजेट बाहेक स्वास्थ्यतर्फ रु. **२ करोड २३** लाख बजेट विनियोजन गरिएको छ। ।

३. **लैगिक समनाता तथा सामाजिक समावेशिकरणतर्फ**

जेष्ठ नागरिक, समाजमा पछि परेका महिला, दलीत, मुस्लीम, जनजाती तथा अपाङ्गहरुको समविकास गरी न्यायपूर्ण समाजको विकास गर्न आयआर्जन, सशक्तिकरण तथा सवलिकरण जस्ता कार्यक्रम संचालनको लागि लैङ्गिक उत्तरदायि बजेट तर्फ रु. **५७** लाख  बजेट व्यवस्था गरिएको छ। ।

४. **पशुपन्छी तथा कृषि** कार्यक्रमहरु सञ्चालन गरी किसानहरुको जिवन स्तरमा शुधार ल्याउन अन्य साझेदारी निकाय संग समेत सहकार्य गर्ने गरी करिब २ करोड बिनियोजन गरिएको छ।

५. वडाहरुको समग्र विकासका लागि रु २ करोड १० लाख बिनियोजन गरिएको छ।

६. **भाषा, संस्कृति तथा  सामाजिक सुरक्षातर्फ**

राजपुरको पहिचानको रुपमा भाषा तथा संस्कृतिको संरक्षण गर्न ताथा सामाजिक सुरक्षाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकासः**

- दाङको विकट र ठूलो भूगोल ओगटेको यस गाउँपालिकालाई सुगम र जनजीवन सरल बनाउन यातायातको ठूलो महत्व रहेको सन्दर्भमा गाउँपालिका सबै क्षेत्रमा बाटो विस्तार सुधार, विभिन्न आयोजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरी सुधार

स्तरोन्ती गर्न तथा शहरी विकास र गाउँगाउँमा विद्युत विस्तार गर्न पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखी यस तर्फ रु. ६ **करोड** बजेट विनियोजन गरेको छ ।

- जहरे-जंग्रहवा सडक स्तरोन्नोती गरीनेछ।

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

- विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा वन वातावरणको व्यवस्थापन गर्न अति आवश्यक भएको हुँदा विपद् व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

**सुशासन तथा संस्थागत विकासः**

- कार्यालयको संस्थागत क्षमता विकास गर्न, सूचना प्रविधि लगायतका उपकरणको व्यवस्था गरी कार्यालयबाट हुने कामलाई चुस्त दुरुस्त बनाउन प्रयास गरिएकोछ ।पारदर्सिता अभिबृद्धि तथा वित्तिय जोखिम न्यूनिकरण गर्न, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगलाई कसिलो र व्यापक बनाइनेछ।
- विकास निर्माण कार्यलाई पारदर्सी र व्यवस्थित बनाउन, विभिन्न कानून तथा दस्तावेज निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै आगामी वर्ष पनि आवश्यक कानूनहरु बनाउने, विभिन्न सफ्टवयरहरु जडान गर्न, न्यायिक काम कारवाहीलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो हुने गरी सम्पादन गर्न, समाजमा हुने विवादलाई मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न, कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित गर्न कर्मचारीको मनोबल उच्च बनाउन गाउँपालिकाको काम कारबाही प्रकृयालाई चुस्त, दुरुस्त, मर्यादित बनाउन प्रोत्साहन गर्न, राजश्व प्रशासनलाई सुदृढ बनाउन, वित्तिय सुशासन कायम गर्ने लगायतका सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रका लागि करिव रु. **१४ करोड ७० लाख १५** हजार बजेट विनियोजन गरेको छ ।

**गाउँसभाका अध्यक्षज्यू,**

• आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न बनेको बिनियोजन बिधेयक २०८३ र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक बिधेयक २०८३ सम्मानित सभा समक्ष पेश गरेको छु ।

•प्रस्तुत बजेटको कार्यान्वयनबाट शिक्षा क्षेत्रको अवस्थामा क्रमशः सुधार हुदै जाने, कृषि पेशालाई सम्मानित पेशाका रुपमा स्थापित गर्न बल पुग्ने, पालिकावासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने, गरिब घर परिवार एवं बेरोजगार युवा युवतीको आयआर्जन गर्ने क्षमता बृद्धि हुने, गाउँमा उपलब्ध स्रोत साधनको अत्यूत्तम उपयोगबाट सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास भई आर्थिक उन्नतिमा टेवा पुग्ने, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता अभिवृद्धि हुने र बञ्चितिमा परेका वर्ग, क्षेत्र, समुदाय, समूहहरुको विकासमा मूल प्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनको माध्यमबाट समुन्नत र न्यापूर्ण समाजको विकास हुने बिश्वाश लिएको छु ।

**सभाअध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत आय-व्ययको प्रस्ताव गाउँपालिकाको विकासको एउटा खाकामात्र हो यो खाका राजपुर गाउँपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव हुने छैन । बजेट कार्यान्वयनमा संघ तथा प्रदेश सरकार, गाउँपालिकावासी, आमाबुवा, दिदीबहिनी, दाजुभाई गैर सरकारी संघ संस्था, राजनितिक दल, नागरिक समाज, संचार जगत लगायत सबै तह र तप्काबाट साथ, सहयोग र सहकार्य र पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा बजेट तर्जुमा गर्ने क्रममा मार्ग निर्देश तथा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, सचिवज्यू, विषयगत समितिका संयोजक एंव सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारीज्युहरु, नागरिक समाज, पेशाबिद् बुद्धिजिवी, संचार जगत लगायत सम्पूर्ण गाउँपालिका वासीहरुमा धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद!

इति सम्वत् २०८३ साल आषाढ १० गते रोज ४ शुभम् ।

प्रस्तुतकर्ता

धनपतिदेवी यादव

गाउँपालिका उपाध्यक्ष